# पत्रकार आचारसंहिताउजुरी र कारबाहीसम्बन्धी कार्यविधि, २०७५

(पहिलो संशोधन २०७६)

**प्रस्तावना**

आमसञ्चारमाध्यमबाट सम्प्रेषित सामग्री र पत्रकारविरुद्ध परेका उजुरी, प्राप्त बोधार्थ, जनगुनासा तथा स्वअनुगमनसम्बन्धी प्रक्रिया तय गरि आचारसंहिता अनुगमन उपसमितिबाट हुने निर्णय र त्यसको कार्यान्वयनका लागि पत्रकार आचारसंहिता-२०७३ (पहिलो संशोधन २०७६) को दफा ११ को अधिनमा **पत्रकार आचारसंहिताउजुरी र कारबाहीसम्बन्धी कार्यविधि-२०७५** (पहिलो संशोधन २०७६) जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम*'पत्रकार आचारसंहिता उजुरी र कारबाहीसम्बन्धी कार्यविधि, २०७५'* (पहिलो संशोधन २०७६) रहेको छ ।

(ख) यो कार्यविधि प्रेस काउन्सिलको बैठकले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'आमसञ्चारमाध्यम' भन्नाले नेपालमा सञ्चालित पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन, समाचार एजेन्सी, विभिन्न चलचित्र, वृत्तचित्र तथा इन्टरनेट माध्यमबाट समाचार सूचना तथा विचारमूलक कार्यक्रम उत्पादन, वितरण र सम्प्रेषण गर्ने संस्था र सेवा सम्झनुपर्दछ ।

(ख) 'अध्यक्ष' भन्नाले प्रेस काउन्सिल नेपालका अध्यक्ष सम्झनुपर्दछ । सो शब्दले अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यसमेतलाई बुझाउनेछ ।

(ग) 'संयोजक' भन्नाले आचारसंहिता अनुगमन उपसमितिको संयोजक सम्झनुपर्दछ ।

(घ) 'सदस्य' भन्नाले प्रेस काउन्सिल नेपालका सदस्य सम्झनु पर्दछ । सो शब्दले पत्रकार आचारसंहिता अनुगमन उपसमितिका सदस्यसमेतलाई बुझाउनेछ ।

(ङ) 'अनुगमन उपसमिति'भन्नाले पत्रकार आचारसंहिता अनुगमन (छापा र विद्युतीय) उपसमिति सम्झनुपर्दछ ।

(च) 'बैठक' भन्नाले आचारसंहिता अनुगमन उपसमिति (छापा र विद्युतीय)का बैठक सम्झनुपर्छ र सो शब्दले अनुगमन उपसमितिद्वारा गठन हुने कार्यदलको बैठक समेतलाई जनाउँछ ।

(छ) 'पेशी' भन्नाले आचारसंहिता अनुगमन शाखा (छापा र विद्युतीय)मा परेको उजुरी वा स्वअनुगमनबाट देखिएका आचारसंहिता हननसम्बन्धी विषयमा कारबाही प्रक्रियाका लागि सम्बन्धित पक्षलाई समेत सहभागि गराइ बोलाइएको बैठक सम्झनुपर्छ ।

## ३. आचारसंहिता अनुगमन उपसमितिको बैठक

(क) आचारसंहिता अनुगमन उपसमितिको बैठक उपसमितिका संयोजकको निर्देशनमा सचिवले बोलाउनेछ ।

(ख) यस्तो बैठक अत्यन्तै जरुरी अवस्थामा बाहेक सामान्यतः हप्ताको एकपटक बस्नेछ ।

(ग) संयोजकले प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ ।

(घ) उपस्थिति : बैठकमा उपस्थित सदस्यले निर्णय पुस्तिका (माइन्यूट)माउल्लिखित आफ्नो नामको अगाडि दस्तखत गर्नुपर्नेछ ।

(ङ) बैठकको कार्यसूची (Agenda) : आचारसंहिता अनुगमन उपसमितिको बैठकको कार्यसूची २४ घण्टापहिले नै सचिवालय र सदस्यहरूलाई जानकारी गराइनेछ ।

## ४. बैठक सञ्चालन, छलफल र विधि

(क) बैठकको सुरुमा नै कार्यसूचीमा परेको विषयको प्रकृति र महत्वलाई समेत ध्यानमा राखी बैठकको समयावधि तय गरिनेछ । आवश्यकतानुसार सदस्यहरूले बोल्ने समय निर्धारण गरि छलफल प्रारम्भ गरिनेछ । छलफलमा भाग लिने सदस्यहरूले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नुपर्नेछ ।

(ख) गणपूरक सङ्ख्या : सम्पूर्ण सदस्यमध्ये कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानी बैठक सञ्चालन गरिनेछ ।

(ग) बैठकको निर्णय : (१) बैठकको निर्णय सर्वसम्मतरूपमा गरिनेछ ।

(२) सर्वसम्मत हुन नसके उपसमितिमा भएको छलफलका आधारमा दुई तिहाई मतबाट निर्णय गरिनेछ ।

(घ) सामान्यत: बैठकको अध्यक्षता गर्ने संयोजकले मत व्यक्त गर्ने छैन । निर्णायक मत दिन परेको खण्डमा मात्र संयोजकको मत निर्णायक हुनेछ ।

(ङ) कुनै सदस्यले फरक मत राख्न चाहेमा सो विषय निर्णय पुस्तिकामा जनाइ दस्तखत गर्नुपर्नेछ ।

(च) बैठकको निर्णय प्रमाणित गर्ने : बैठकको निर्णय उपस्थित दुई तिहाई सदस्यबाट प्रमाणित हुनेछ ।

(छ) कार्यसूची र कागजात उपलब्ध गराउने : बैठकमा छलफल गरिने विषयसँग सम्बन्धित कागजात, सूचना वा जानकारी समितिका सदस्यहरूलाई सचिवालयसँग समन्वय गरि सम्बन्धित उपसमितिको सचिवले उपलब्ध गराउनेछ ।

(ज) कार्यदलगठन : बैठकले पत्रकार आचारसंहितासम्बन्धी विशेष मुद्दामा गर्नुपर्ने कार्यका लागि कार्यदल गठन वा विज्ञको परामर्श आवश्यकता महशुस गरेमा कार्यदल वा विज्ञ समूह गठन गर्न सक्नेछ ।

## ५. उजुरी र पत्राचारसम्बन्धी कार्यविधि

(क) कुनै आमसञ्चारमाध्यमबाट सम्प्रेषित समाचार वा समाचार-सामग्रीमा चित्त नबुझ्ने पक्षले ३५ दिनभित्र उजुरी दिनुपर्नेछ । उजुरी अनलाइनमार्फत पनि दिन सकिनेछ । म्यादभित्र उजुर गर्न नसकेको मुनासिब कारणसहित उजुर गरेमा म्याद नाघेपछि पनि त्यस्तो उजुरी लिइनेछ ।

(ख) अनलाइन उजुरी, प्रत्यक्ष उजुरीबाहेक काउन्सिलको फेसबुक पेजलगायत अन्य सामाजिक सञ्जालबाट पनि उजुरी आएको चित्तबुझ्दो लागेमा बैठकले कारबाही प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(ग) उजुरीकर्ताले उजुरीमा उजुरीकर्ताको नाम, हस्ताक्षर, ठेगाना, अन्य सम्पर्क विवरण ( संस्थाको हकमा लेटरप्याड र छाप), प्रकाशित/प्रसारित सामग्रीको प्रमाणित प्रतिलिपि, कुन सञ्चारमाध्यम/सम्पादक वा पत्रकारविरुद्ध उजुरी हो स्पष्ट खुलाइ पठाउनुपर्नेछ । उजुरीका साथ आमसञ्चारमाध्यममा पठाएको वा पठाउन चाहेको खण्डनपत्रसमेत संलग्न हुनुपर्नेछ ।

घ) उजुरीकर्ताले आफ्नो नाम, व्यक्तिगत विवरण गोप्य राख्न वा बाहिर ल्याउन वा प्रकाशमा ल्याउन नचाहेमा मुनासिब परिस्थिति वा कारण उल्लेख गरि उजुरी गरेको हकमा उपसमितिले उचित ठानेमा उजुरीकर्ताको व्यक्तिगत विवरण गोप्य राख्न सकिनेछ ।

ङ) कुनै सञ्चारमाध्यम, पत्रकार, संघसंस्था, स्वतन्त्र व्यक्ति, राज्यका विभिन्न निकाय लगायतबाट प्रेस स्वतन्त्रताको हनन् भएको भनी प्रेस काउन्सिलमा उजुरी परेमा त्यसको छानबिन गरि प्रेस स्वतन्त्रताको संरक्षण गर्नु प्रेस काउन्सिलको दायित्व हुनेछ ।

(च) उजुरीकर्ताबाट प्राप्त उजुरीमा आवश्यक कागजात, प्रकिया पूरा भए नभएको चेकजाँच सम्बन्धित शाखाले गर्ने र सबै कागजात एवं प्रकिया पुरा गरेर प्राप्त भएको उजुरीउपर ३ (तीन) दिनभित्र कारबाही प्रकिया प्रारम्भ गरिसक्नुपर्नेछ ।

(छ) प्राप्त उजुरीमा सम्बन्धित अनुगमन शाखाले समेत स्वअनुगमन गरि सम्बन्धित आमसञ्चारमाध्यमलाई पत्राचार गर्ने, जवाफ नआएमा ताकेता, पुनः ताकेता गर्ने र तत् पश्चात् पनि जवाफ नआए अवज्ञाकारीको सूचीमा किन नराख्ने भनी सोध्नेछ ।

(ज) पहिलो पत्राचारपश्चात् १ हप्ताभित्र जवाफ आएमा १ हप्ताभित्र बैठकमा पेश गर्ने, नआएमा एकहप्ताको समय दिई ताकेता गरिने, ताकेतापश्चात् पनि जवाफ नआए पुनः १ हप्ताको समय दिई पुनः ताकेता गर्न सक्ने, पुनः ताकेता गर्दा पनि जवाफ प्राप्त नभएमा १ हप्ता समय दिई कालोसूची वा अवज्ञाकारीको सूचीमा किन नराख्ने भनी पत्राचार गरिनेछ । ततपचात् पनि कुनै जवाफ नआए आचारसंहिता उल्लङ्घनको प्रकृति हेरी अवज्ञाकारी, कालोसूची वा दुवैमा राखी कारबाही गरिनेछ ।

तर समाचार तथा समाचार-सामग्रीको प्रकृति र प्रभाव हेरी उपसमितिले दैनिक अखबार र विद्युतीय आमसञ्चारमाध्यमको हकमा यो समयावधि कम गर्न सक्नेछ ।

(झ) सम्बन्धित आमसञ्चारमाध्यमबाट प्राप्त जवाफ ३(तीन) दिनभित्र उजुरीकर्तालाई पठाई थप प्रतिर्क्रिया भए माग्नुपर्नेछ । उजुरीकर्ताबाट तीन हप्तासम्म प्रतिर्क्रिया प्राप्त नभएमा स्वतः तामेलीमा राखिने छ । त्यस्तै कुनै समाचार वा लेखका बारेमा परेका उजुरीहरू छानबिन गर्दा र सम्बन्धित सञ्चारमाध्यमसँग स्पष्टीकरण माग्दा समाचारका आधार र विषयवस्तुबारेमा उपसमिति सन्तुष्ट हुन नसकेको अवस्थामा त्यस्ता उजुरी स्वतः तामेलीमा रहनेछन् । यसको जानकारी उपसमितिको बैठकमा गराउनु पर्नेछ ।

(ञ) गम्भीर प्रकारको आचारसंहिता उल्लङ्घन भएको अवस्थामा सम्बन्धित उपसमितिका संयोजकको निर्देशनमा तत्काल पत्राचार गर्नुपर्नेछ ।

(ट) अनलाइनमाध्यमविरुद्ध परेको उजुरीका आधारमा स्वअनुगमन गर्दा त्यस्ता अनलाइनको कुनै सम्पर्क ठेगाना नभएको वा त्यस्ता माध्यम काउन्सिलमा सूचीकरण र सूचना तथा प्रसारण विभागमा अभिलेखीकरण नभएको पाइएको अवस्थामा त्यस्ता सञ्चारमाध्यमको पहिचान गर्न नेपाल दूरसञ्चार प्राधिकरण र प्रहरी प्रशासनसँग समन्वय गर्न सकिनेछ । सम्पर्क नभएका अनलाइनबाट आचारसंहिताको गम्भीर उल्लङ्घन भएको ठहर भएमा त्यस्ता अनलाइनलाई कालोसूचीमा राखिनेछ ।

(ठ) विदेशबाट सञ्चालित अनलाइन वा अन्य माध्यमविरुद्ध उजुरी परी कारबाही चलाउनुपरेको अवस्थामा नेपाली नागरिक भएको भए त्यहाँस्थित नेपाली दूतावास र विदेशी नागरिक भइसकेको भए कूटनीतिक माध्यमबाट समन्वय गर्नुपर्दछ ।

(ड) नीतिगत प्रसङ्ग, जटिल प्रकृतिका उजुरी, क्षमायाचना गर्न निर्देशन दिने, प्रेस प्रतिनिधि प्रमाणपत्र वा प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने विषय, कालोसूचीमा राख्ने विषय, वर्गीकरणको प्रक्रियाबाट अलग गर्ने विषय, काउन्सिलको कल्याणकारी कोष वा काउन्सिलले प्रदान गर्ने अन्य सुविधाबाट अवधि तोकी वञ्चित गर्ने विषय, सरकारी वा कुनै पनि सार्वजनिक निकायका तर्फबाट उपलब्ध गराइने कुनै पनि प्रकारका विज्ञापन वा सुविधाहरू निश्चित अवधिका लागि उपलब्ध नगराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने विषय, कुनै पनि सरकारी भ्रमणमा राज्यका तर्फबाट सहभागी नगराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने विषय, गम्भीर रूपमा आचारसंहिता उल्लङ्घन गर्ने पत्रकार र सञ्चारमाध्यमलाई थप कारबाहीका लागि नेपाल पत्रकार महासंघ र सम्बन्धित सञ्चार संस्थामा सिफारिस गर्ने विषय र काउन्सिलको निर्णय वा निर्देशन अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यमप्रति खेद प्रकट गर्ने, अवज्ञाकारीको सूचीमा राख्ने र पटक-पटक गरिएका कारबाहीको विवरण तत्काल वा आवश्यकताअनुसार सार्वजनिक गर्नेजस्ता कारबाहीका लागि उपसमितिको बैठकमा पेश भई निर्णय भएको हुनुपर्नेछ ।

(ढ) काउन्सिलको कार्यक्षेत्रभित्र नपर्ने उजुरीउपर कारबाही प्रक्रिया अघि बढाइने छैन । प्रेस स्वतन्त्रता हनन् तथा पत्रकार आचारसंहितासँग सम्बन्धित विषयभन्दा बाहेक अन्य विषयमा आमसञ्चारमाध्यम र पत्रकारविरुद्ध परेका उजुरी काउन्सिलको कार्यक्षेत्र बाहिरको मानिनेछ । त्यस्ता उजुरी काउन्सिलमा दर्ता भई शाखामा प्राप्त भएमा शाखा प्रमुखले कार्यक्षेत्रभित्र नपर्ने जनाई काउन्सिल सचिवालयमा पठाउनुपर्नेछ । सचिवालयले सम्बन्धित निवेदकलाई यसबारे जानकारी दिनुपर्नेछ ।

तर राष्ट्रिय र सार्वजनिक सरोकारका कतिपय विषयमा परेका उजुरीलाई नोटिसको रूपमा राख्न सकिनेछ । यस्तै गुनासा, जनगुनासा, हेलो सरकार र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट सिधैँ काउन्सिलमा प्राप्तभएका गुनासा, उजुरी र जानकारीका सम्बन्धमा उपसमिति बैठकमा पेश गरि पत्रकार आचारसंहिता र कार्यविधिको अधिनमा रही आवश्यक निर्णय गरिनेछ ।

## ६. स्वअनुगमनसम्बन्धी कार्यविधि

(क) काउन्सिलले मिडिया अनुगमनकर्ताहरुमार्फत् वस्तुगत तथा विषयगत दुवै विधिबाट आमसञ्चारमाध्यमहरूको दैनिक नियमित अनुगमन गर्नेछ । मिडिया अनुगमनकर्ताहरूले आचारसंहिता हनन् देखिएका आमसञ्चारमाध्यमका समाचार तथा समाचार-सामग्रीको प्रतिवेदन हरेक दिन तत्‌तत् अनुगमन शाखामा पेश गर्नुपर्नेछ । काउन्सिलले आवश्यक

ठानेका आमसञ्चारमाध्यमलाई अतिरिक्त समयमा पनि स्वअनुगमन गर्न सकिनेछ । यस कार्यमा अनुगमन शाखाका अतिरिक्त अन्य शाखामा कार्यरत कर्मचारीहरुलाई जिम्मेवारी दिन सकिनेछ ।

साथै स्थानीय, प्रदेश र केन्द्र ((संघ)को निर्वाचनका समयमा विशेष आचारसंहिता अनुगमन गरिनेछ । यस्तो अवस्थामा आवश्यकताअनुसार बाह्य अनुगमनकर्तालाई पनि खटाउन सकिनेछ ।

(ख) अनुगमनकर्ताको प्रतिवेदनको आधारमा तत्कालै प्रक्रिया अगाडि बढाउनुपर्ने गम्भीर प्रकृतिको सामग्री देखिएमा सम्बन्धित शाखाबाट टिप्पणी खडा गरि अध्यक्ष वा उपसमितिको संयोजकको निर्देशनमा २४ घण्टाभित्रै कारबाही प्रक्रिया अघि बढाउनुपर्नेछ । यससम्बन्धी अन्य कारबाही आचारसंहिता अनुगमन उपसमितिको बैठकको निर्णयानुसार हुनेछ ।

ग) काउन्सिलले मिडिया स्वअनुगमनको वार्षिक प्रतिवेदन तयार गरि सार्वजनिक गर्नुपर्दछ ।

## ७. निर्णय र कारबाहीसम्बन्धी व्यवस्था

(क) आमसञ्चारमाध्यम वा पत्रकारबाट जवाफ प्राप्त भएपछि सम्बन्धित शाखाले उजुरी वा स्वअनुगमनको विवरण, आमसञ्चारमाध्यममा प्रकाशित प्रसारित सामग्री, उक्त विषयमा अन्य आमसञ्चारमाध्यमबाट सामग्री सम्प्रेषित भएको भए सोको विवरण, यससम्बन्धमा काउन्सिलबाट भएका पत्राचार र प्राप्त जवाफसमेत संलग्न राखी अलग्गै फाइलसहितको मिसिल खडा गर्नु पर्नेछ । उक्त मिसिल उपसमितिको बैठकमा उपलब्ध गराउनु पर्नेछ ।

(ख) उपसमितिले आमसञ्चारमाध्यम वा पत्रकारबाट प्राप्त जवाफसहितको मिसिल अध्ययन गर्दा समाचार सामग्रीबाट पत्रकार आचारसंहिता उल्लङ्घन नभएको ठानेमा सो कुरा निर्णय पुस्तिकामा जनाइ निर्णय गर्नेछ । निवेदकलाई सोबारे शाखाले ३ दिनभित्र जानकारी दिनेछ ।

(ग) उपसमितिले आमसञ्चारमाध्यम र पत्रकारबाट आचारसंहिता उल्लङ्घन भएको ठहर गरेमा प्रकृति र त्यसबाट परेको असर हेरी निम्नअनुसार कारबाही प्रक्रिया अघि बढाउनेछ ।

१. खण्डन प्रकाशन/प्रसारण गर्न लगाउने

उजुरीकर्ताबाट खण्डन प्रकाशनका लागि भएको अनुरोध वा काउन्सिलबाट खण्डन प्रकाशन गर्न पत्राचार गरेको १ हप्ताभित्र सञ्चारमाध्यमबाट तथ्यगत र बुँदागत खण्डन प्रकाशन/प्रसारण भएको हुनुपर्नेछ ।

तर समाचार तथा समाचार-सामग्रीको प्रकृति हेरी दैनिक अखबार र विद्युतीय आमसञ्चारमाध्यमको हकमा उपसमितिले समय र स्थान तोकी खण्डन प्रकाशन/प्रसारण गर्न निर्देशन दिन सक्नेछ ।

२. सञ्चारमाध्यमले चित्तबुझ्दो तथ्य पेश नगरेमा भुलसुधार तथा क्षमायाचना गर्न लगाउने

३. स्थान र समय तोकेर प्रतिक्रिया प्रकाशन/प्रसारण गर्न लगाउने

४. उजुरीका विषयमा स्थलगत अध्ययन गर्नुपर्ने अवस्थामा उपसमितिले तोकेका सदस्य वा कार्यदलले सम्बन्धित आमसञ्चारमाध्यममा पुगी अध्ययन गर्न सक्नेछ ।

५. सञ्चारमाध्यम, पत्रकारबाट त्रुटि सच्याई आगामी दिनमा यस्तो त्रुटि नहुने र आचारसंहिता पालना गर्ने प्रतिबद्धतासहित जवाफ प्राप्त भएमा त्यस्तो सञ्चारमाध्यमलाई सचेत गराइ पत्राचार गर्ने । आचारसंहिता पालना नगर्ने र जानकारी नभएको भनी जवाफ पेश गर्ने सञ्चारमाध्यम तथा पत्रकारलाई आचारसंहिता उल्लङ्घनमा हुने प्रक्रियाअनुसारको कारबाहीका साथै आचारसंहितासम्बन्धी प्रशिक्षण कक्षाको व्यवस्था गरिने छ ।

६. प्रेस पास निलम्बन, सेवा-सुविधा रोक्का, कालोसूचीमा नाम राख्ने, अवज्ञाकारी घोषणा र वर्गीकरणबाट हटाउने जस्ता कारबाहीको अवधि बढीमा एक आर्थिक वर्षको हुनेछ । सम्बन्धित आमसञ्चारमाध्यम र पत्रकारले आफ्नो कमजोरी सुधार गरि आफू सच्चिएको वा सच्चिने लिखित प्रतिबद्धता जनाएमा उपसमितिले कारबाहीको अवधि कम वा फुकुवा गर्न सक्नेछ ।

७) पत्रकार महासंघका सदस्य रहेको र गम्भीर प्रकृतिका आचारसंहिता उल्लङ्घन गरेको तर सच्याउने प्रतिबद्धता नआएमा पत्राचार गर्ने ।

(घ) राष्ट्र, समाज र जनसमुदायलाई तत्काल आघात पार्ने, अत्यन्तै गम्भीर प्रकृतिको र सचिवालय वा उपसमितिले मात्रै टुङ्गो लगाउन नसक्ने उजुरी तथा स्वअनुगमनको टुङ्गो काउन्सिलले लगाउनेछ ।

## ८. मिलापत्र र अन्य कारबाहीसम्बन्धी व्यवस्था

(क) दुवै पक्षबीच छलफल र मेलमिलाप गराउन सकिने : उजुरी र कारबाहीसम्बन्धी कार्यविधिअन्तर्गत पत्रकार आचारसंहिता,२०७३ (पहिलो संशोधन, २०७६) को दफा ७(८) मा उल्लिखित सम्बन्धित पक्षहरू(उजुरवाला र आरोपित) दुवैलाई झिकाई मेलमिलाप गराउन सकिनेछ ।

(ख) उजुरवाला र आरोपितपक्षले संयुक्तरूपले लिखित अनुरोध गरेमा सचिवालयले बोलाएर मिलापत्र गराइ विवाद टुङ्ग्याउन सक्नेछ । मिलापत्रको निमित्त बस्ने छलफलमा अध्यक्ष वा उपसमितिको संयोजक, उपसमितिले तोकेको काउन्सिल सदस्य, प्रमुख प्रशासकीय अधिकृत, शाखा इञ्चार्ज, शाखा प्रमुख रहने गरि छलफल एवं मिलापत्र कार्यटोली गठन गर्न सकिनेछ ।

(ग) छलफल गर्ने र मिलापत्र गर्ने कुरा पहिचान गरि अदालती प्रक्रियाअनुसार दिन, समय तोकी सम्बन्धित पक्षलाई प्राथमिकताका आधारमा जानकारी गराउन सकिनेछ ।

(घ) राष्ट्र, समाज र जनमुदायलाई प्रत्यक्ष आघात पर्ने विषयमा विद्युतीय आमसञ्चारमाध्यमबाट सम्प्रेषित समाचार वा समाचारसामग्री तत्काल हटाइ सो स्थानमा क्षमायाचना गर्न निर्देशन दिन सकिनेछ ।

ङ) सम्पर्क ठेगाना नभएका र विदेशबाट सञ्चलित अनलाइनबाट मान, सम्मान र जनसमुदायलाई गम्भीर आघात पर्ने सामग्री प्रवाह भएमा उक्त सामग्री नेपालमा नदेखिने गरि रोक लगाउन सम्बन्धित निकायमा पत्राचार गर्न सकिनेछ ।

९. **पेशीसम्बन्धी व्यवस्था : (क)** गम्भीर प्रकृतिका आचारसंहिता उल्लङ्घनमा कारबाहीको निर्णय गर्दा उपसमितिले पेशी तोक्ने व्यवस्था गर्न सक्नेछ ।उक्त पेशीमा उपसमितिका संयोजक,सदस्य र सचिव सहित दुवै शाखा हेर्ने शाखा इञ्चार्ज रहनेछन् । उपसमितिका सचिवले पेशीसम्बन्धी तयारीको व्यवस्थापन गर्नेछन् ।

(ख). गम्भीर प्रकृतिका आचारसंहिता उल्लङ्घनका कारबाही सम्बन्धमा पाँच सय शब्दसम्मको निर्णय तयार पारी सार्वजनिक गर्नेछ ।

१०. **बैठकको निर्णयसम्बन्धी जानकारी :** उपसमितिले गोप्य राख्नुपर्ने निर्णय वा मस्यौदासम्बन्धी विषयबाहेक अन्य विषयको जानकारी संयोजकको परामर्शमा सचिवालयले सञ्चारमाध्यमलाई दिन सक्नेछ ।

११. **संयोजक र सदस्यहरूको आचारसंहिता**

(क) छापामाध्यममा कार्यरत संयोजक वा सदस्य छापामाध्यमविरुद्धको उजुरी र स्वअनुगनको विषयमा हुने छलफल एवं निर्णयमा सहभागी हुने छैनन् ।

(ख) विद्युतीय माध्यममा कार्यरत संयोजक वा सदस्य विद्युतीय माध्यमविरुद्धको उजुरी र स्वअनुगनको विषयमा हुने छलफल एवं निर्णयमा सहभागी हुने छैनन् ।

(ग) संयोजक वा सदस्य आफू वा आफ्ना नातेदार कार्यरत आमसञ्चारमाध्यम र पत्रकारविरुद्ध परेको उजुरीसम्बन्धी छलफल र निर्णयमा सहभागी हुने छैनन् ।

(घ) उपसमितिका संयोजक वा कुनै सदस्यले आचारसंहिता अनुगमन र निर्णय प्रक्रियामा प्रभाव पारेको वा निजको आचरणको विषयलाई लिएर उजुरी परेको खण्डमा उक्त उजुरी उपर प्रेस काउन्सिल नेपालको बैठकबाट छानबिन र निर्णय गरिनेछ । आफूउपर परेको उजुरीको सुनुवाइ प्रक्रियामा सम्बन्धित व्यक्तिको सहभागिता रहने छैन तर स्पष्टीकरणको मौका दिइनेछ ।

१२.	**पुनरावलोकनसम्बन्धी व्यवस्था :** पत्रकार आचारसंहिता उल्लङ्घन गरेको ठहर गरि प्रेस प्रतिनिधि प्रमाणपत्र निलम्बन, वर्गीकरणको प्रक्रियाबाट अलग गर्ने, अन्य सुविधा वा विज्ञापनबाट अवधि तोकी वञ्चित गर्ने, कुनै पनि सरकारी भ्रमणमा राज्यका तर्फबाट सहभागी नगराउन सिफारिस गर्ने तथा सञ्चारमाध्यमप्रति खेद प्रकट गर्ने र अवज्ञाकारी तथा कालोसूचीमा राख्ने जस्ता उपसमितिबाट भएका गम्भीर कारबाहीमा चित्त नबुझे (७) सात दिनभित्र प्रेस काउन्सिलसमक्ष पुनरावलोकन गर्न सकिनेछ । पुनरावलोकनको निवेदन प्राप्त भएमा प्रेस काउन्सिलको बैठकमा छलफल गरि उपसमितिको निर्णय सदर, बदर वा फेरबदल हुन सक्नेछ । आचारसंहितासम्बन्धी काउन्सिलले गरेको निर्णय अन्तिम हुनेछ ।

१३.	**संशोधन :** काउन्सिलले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**अनुसूची**

१)	उजुरीको नमूना/अनलाइन उजुरीको नमूना

२)	खण्डनको नमूना

३)	मेलमिलाप पत्रको नमूना

**अनुसूची १**

**<u>उजुरीको नमूना</u>**

मिति : २०../ / गते

श्री प्रेस काउन्सिल नेपाल

सञ्चारग्राम,

तिलगङ्गा काठमाडौं ।

विषय : उजुरी/कारबाही

उपर्युक्त सम्बन्धमा...............................................................................................

...............................................................................................................................
.................................................................................................................

उजुरीकर्ता

नाम :

हस्ताक्षर :

फोन/मोबाइल :

इमेल :

## अनुसूची २

## <u>खण्डनको नमूना</u>

श्री सम्पादक ज्यू,                                        मितिः.........................

............................

विषय : खण्डन सम्बन्धमा

उपर्युक्त सम्बन्धमा,.............................................................................................

.....................................................................................................................

.....................................................................................................................

बोधार्थ

१.प्रेस काउन्सिल नेपाल

:

निवेदक

नाम :

हस्ताक्षर :

फोन/मोबाइल :

इमेल :

**अनुसूची ३**

## मेलमिलाप एवं सहमति पत्रको नमूना

प्रेस काउन्सिल नेपाल

आचारसंहिता अनुगमन उपसमिति

**मेलमिलाप एवं सहमति पत्र**

उजुरी नं. ............

बीच

..........................................................................................उजुरीकर्ता

र

................................................................ विपक्षी (सञ्चारमाध्यम/पत्रकार)

निम्नानुसार हामी सहमत भयौं :

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

मिति : ................................. स्थान........................ समय..............

| <u>उजुरीकर्ता</u> | <u>विपक्षी</u> |
|---|---|
| नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| फोन/मोबाइल : | फोन/मोबाइल : |
| इमेल : | इमेल : |